# सुर्यगढी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**चोकदे, नुवाकोट**
**बाग्मती प्रदेश, नेपाल**

# प्राबिधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धि सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७७/०४/२१)**

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) प.सं. २०७७/२०७८ च.नं. २३ को मिति २०७७/०४/१२ को पत्रानुसार यस सुर्यगढी गाउँपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ (पन्ध्र) दिन भित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०१-०७७/०७८ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ (एक) |

**१. आवश्यक न्यूनतम योग्यता र अनुभव :-**

(क) सिभिल इन्जिन्यरिङ्ग मा प्रविणता तह वा ओभरसियर वा डिप्लोमा तह उत्तीर्ण भएको ।

(ख) अनुभव र सिप : प्राविधिक सहायक मा देहायको अनुभव र सिप आवश्यक पर्नेछ :-

- कम्तिमा ३ महिना तालिम लिई आधारभूत सिप भएको ।
- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरिवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धि सिप सहित कम्तिमा ६ महिनाको अनुभव भएको ।

(ग) उमेर :- कम्तिमा १८ वर्ष पुराभई ४५ वर्ष ननाघेको ।

**२. दरखास्त दिने स्थान :-** सुर्यगढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, प्रधानमन्त्री रोजगार शाखा, चोकदे, नुवाकोट वा गाउँपालिकाको ईमेल ठेगाना suryagadhimun@gmail.com मा आवश्यक कागजात सहित दरखास्त दिन सकिनेछ ।

**३. आवेदनको दस्तुर :-** रु. १,०००/- (नेपाल ईन्भेस्टमेन्ट बैंक लि., चोकदे शाखा, नुवाकोटमा रहको खाता नं. ०६८०१०४०२५०३४४ मा बुझाएको रसिद/भौचर)

**४. छनौटको किसिम :-** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा/लिखित परीक्षाको मिति, अन्तिम मितिको भोलि पल्ट सूचना प्रकासन गरिनेछ ।

**५. आवेदन साथ संलगन कागजातहरु :-** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजात को प्रतिलिपिहरु :

- नागरिकता
- न्यूनतम योग्यता को लबधाङ्क प्रमाणपत्र
- चरित्रिक प्रमाणपत्र
- अनुभव खुल्ने कागजात
- २ प्रति पासपोर्ट आकारको फोटो

**६. सेवा सुविधा :-** गाउँपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धिको प्रकृया दफा (११), (१२) र (१३) बमोजिम हुनेछ ।

**७. पदले सम्पादन गर्नुपर्ने कार्य विवरण :-** गाउँपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धि प्रकृयाको दफा ९ बमोजिम हुनेछ ।

**८. दरखास्त दिने अन्तिम मिति :-** २०७७/०५/०३ गते

**नोट :-** आवेदनको ढाँचा र प्राविधिक सहायकपदको कार्यविवरण लगायत अन्य जानकारी यस कार्यालयको Website:- www.suryagadhimun.gov.np वा www.pmep.gov.np.np मा उपलब्ध छ । थप जानकारीको लागि सुर्यगढी गाउँपालिकाको प्रधानमन्त्री रोजगार शाखाको संयोजकको सम्पर्क नं. ९८४६२६४३७५ मा कार्यालय समय भित्र सम्पर्क गर्न सक्नुहुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**